फोन/फ्याक्स नं.- ०२७-५२३५११
E-mail- deo.illam@election.gov.np

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय, इलाम

## District Election Office, Ilam

पत्र संख्या- २०८०/०८१
चलानी नं. 6९

मितिः- २०८०/११/२३
नेपाल संवत् ११४४ सिल्लागा, ११ बुधबार

विषय- आवश्यक समन्वय तथा सहयोग गरिदिने सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
१० वटै स्थानीय तहहरु, इलाम ।

प्रस्तुत विषयमा निर्वाचन आयोगबाट मिति २०८० फाल्गुन १३ गते इलाम जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा रिक्त प्रतिनिधिसभा सदस्य पदको उपनिर्वाचनको मिति २०८१ बैशाख १५ गते सम्पन्न गर्ने घोषणा भएको छ । उक्त निर्वाचनका लागि त्रुटिरहित अद्यावधिक अन्तिम मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम, २०८० को दफा ८ अनुसार तहाँ स्थानीय तहबाट आफू मातहतका वडा सचिवज्यूहरुलाई तपसिल अनुसारका कार्य गर्न आवश्यक निर्देशन तथा सहजीकरण गरी दिन हुन अनुरोध छ ।

तपसिल

१. उक्त कार्यक्रममा आम मतदाताको सहभागिता वृद्धि गर्न यसैसाथ संलग्न अनुसूची-१ बमोजिम सूचना तहाँ कार्यालय र सबै वडा कार्यालयहरुमा टाँस गर्ने र सूचना प्रचारप्रसार गर्ने व्यवस्था हुन ।

२. सम्बन्धित वडा कार्यालयहरुमा अनुसूची भरी पेश भएका निवेदन, दरखास्त, सूचना तथा उजुरीहरु दर्ता गरी जिल्ला निर्वाचन कार्यालय इलामको इमेल ठेगाना **deo.illam@election.gov.np** मा सूचनामा उल्लेखित म्यादभित्र पठाउने व्यवस्था हुन ।

३. २०७९ माघ २९ देखि यता आफ्नो वडामा दर्ता भएका मृत्यु भएका मतदाताहरुको विवरण निर्वाचन कार्यालयले पठाएको यसै साथ संलग्न ढाँचा अनुसार सूचनामा उल्लेखित म्यादभित्र पठाउने व्यवस्था हुन ।

४. मतदाताहरुले अनलाइन मार्फत आयोगको वेबसाइटमा रहेको मतदाता नामावली दर्ता तथा अद्यावधिक प्रणाली (दाबी विरोधसमेत) मा प्रविष्ट गरी आवश्यक प्रमाणसहित दर्ता गराउन सक्नेछ । साथै भौतिक रुपमा निवेदन, दरखास्त, सूचना तथा उजुरी दिन चाहने व्यक्तिले आयोगको वेबसाइटमा रहेका सम्बन्धित अनुसूची वा जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त अनुसूची फाराम भरी प्रिन्ट गरी आफ्नो स्थायी ठेगाना भएको निर्वाचन कार्यालय वा वडा कार्यालयमा समेत दर्ता गराउन सक्नेछ ।

देवी चरण फुयाँल
जिल्ला निर्वाचन अधिकारी

श्री सूचना प्रविधि अधिकृतज्यू
तथा वडा कार्यालयमा
सूचना सम्प्रेषण गरे
आज गरे गराइदिनुहोला।
प्र.प्र.अ.
२०८०/११/२६

क) मृत्यु भएको मतदाताको नामावली हटाउने ढाँचा

| सि. नं. | मृत्यु भएको व्यक्तिको मतदाता नं. (अनिवार्य उल्लेख गर्नुपर्ने) | मृतकको नाम | बाबु/आमाको नाम | पति/पत्नीको नाम | जन्म मिति | ना.प्र.प.नं. | मृत्यु भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-1

**निर्वाचन आयोग**

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०**

प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम,२०८० सम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, 2080 देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेवसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |

**निर्वाचन आयोग**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषय:- **मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन पेश गरेको सम्बन्धमा** ।

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ...................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| हाल त्रुटि भएको विवरण | मतदाता नं. | नाम थर | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम | गाउँपालिका/नगरपालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| त्रुटि सच्याउनु पर्ने विवरण | | | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | | | |

निवेदन दिनेको नाम थर ............................. दस्तखत .................... ठेगाना...................................... मिति.........................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...............................................दर्जा ........................ दस्तखत .............. मिति ..............

*अनुसूची-३*

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ..........................

विषयः- **झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।**

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिलः

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नामावलीबाट नाम हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

उजुरी दिनेको नाम थरः ............................ दस्तखत............... ठेगाना...............................................मिति.................

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...............................................दर्जा ........................ दस्तखत .............. मिति .............

२/१६/४/(१२)